# तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

© ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
*Website : www.tansenmun.gov.np*


पत्र संख्या :
चलानी नं. :

मिति २०७७ जेठ १५

## प्रेस विज्ञप्ति

सर्वप्रथम गणतन्त्र दिवस २०७७ को उपलक्ष्यमा तानसेन पाल्पाबासी लगायत देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । यसअवसरमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि शहादत प्राप्त गर्ने ज्ञातअज्ञात सम्पूर्णवीर शहीदप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि एकजुट भएका दलहरु शहीदको सपना साकार पार्न तथा नेपालीहरुको हितअनुकुल समृद्ध नेपालको लक्ष्य पूरा गर्न विकास निर्माणका काममा एकतावद्ध भएर लाग्नुपर्ने अवस्था एकातिर रहेको छ भने अर्कातीर विश्वव्यापीरुपमा फैलिइरहेको कोरोना भाइरस संक्रमण **(COVID-19)** रोकथाम, उपचार र राहतका लागि आपसमा हातेमालो वर्तमानको आवश्यकता हो । विकास, निर्माण र कोरोना संक्रमण रोकथामका लागि दलहरुको साझा प्रतिवद्धतासंगै कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतका सीमा अतिक्रमण विरुद्ध नेपालका सम्पूर्ण राजनीतिक दलहरुबीच राष्ट्रिय एकता अहिलेको खाँचो हो । शंकटका वेला हामी सबै जुटेर समस्या समाधान गर्नुपर्छ भन्ने राष्ट्रिय भावनाको पक्षमा दृढतापूर्वक उभिएर नागरिक, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, सामाजिक संघसंस्था, दल लगायत सबैले राष्ट्रप्रतिको दायित्व निर्वाह गर्न गणतन्त्र दिवसबाट प्रेरणा प्राप्त होस । पारदर्शिता, सुशासन र विकासप्रतिको प्रतिवद्धता पूरा गर्न सरोकारवाला सबै आआफ्नो क्षेत्रमा इमान्दारढंगले काममा जुटौं ।

असल कर्मलाई निरन्तरता दिदै थप उपलब्धि हासिल गर्न हामीलाई शीघ्र सफलता मिलोस् भन्ने कामनासहित गणतन्त्र दिवसको उपलक्ष्यमा पुन: सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अशोककुमार शाही
नगर प्रमुख एवम्
तानसेन नगरपालिका परिवार